

# बजार अवलोकन ८८

## असार २०७५ †

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :

विश्व खाद्य कार्यक्रम

कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

WFP World Food Programme

FNCCI

## मुख्य बुँदाहरु

- ***२०७५ आषाढ महिनामा प्रयाप्त आन्तरिक उत्पादन र आयातको कारण नेपालभरका १५ बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरु सापेक्षिक रुपमा स्थिर वा न्यून वृद्धि रहेको पाइयो ।***
- ***२०७५ बैशाख महिनामा समग्र स्फीतिदर ४.१ प्रतिशत रहयो भने खाद्य तथा पेय पदार्थको स्फीतिदर ३.२ प्रतिशत रहयो तथापि केहि खाद्य बस्तुहरुको स्फीतिदर सापेक्षिक रुपमा उच्च रहयो: तरकारीजन्य पदार्थ (१३.४%), फलफूलहरु (११.४%) र दुध तथा दुध जन्य पदार्थहरु (७.६%) ।***

## मूल्य

२०७५ असार महिनामा नेपालभरका १५ बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्य न्यून रुपमा वृद्धि भएको पाइयो **(चित्र १** मा हेर्नुहोस) :

- मासिक रुपमा मोटा चामल र गहुँको पिठोको मूल्यहरु स्थिर रहेको पाइयो । रातो आलु, मासको दाल, मुसुरोको दाल, र भटमासको तेलको खुद्रा मूल्य क्रमशः ९.८, २.१, १.० र ५.८ प्रतिशतले वृद्धि भयो भने कुखुराको मासुको मूल्य ०.६ प्रतिशतले न्यून रुपमा घटेको पाइयो ।
- अघिल्लो तीन महिनाको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले मिश्रित प्रवृति (trend) देखाए, जस्तै: मोटा चामल, रातो आलु र खाने तेलहरुको मूल्यले बढ्दो प्रवृत्ति देखियो भने दाल र कुखुराको मासुको मूल्यले घट्दो प्रवृत्ति देखियो । रातो आलुको मूल्य ४१.० प्रतिशतको उच्च दरले परिवर्तन भयो ।
- गतवर्ष सोही समयको तुलनामा मोटा चामलको र रातो आलुको मूल्य वाहेक प्राय जसो मूल्यहरुले घट्दो प्रवृति देखाए । रातो आलुको मूल्य ४२.३ प्रतिशतको उच्च दरले परिवर्तन भयो ।

हालको मूल्य प्रबृतिका प्रमुख कारणहरु मौसमी उतार चढाव साथ साथै बिना अवरोध यातायात सेवा संचालन र खाद्य तथा गैह्र खाद्य बस्तुहरुको नियमित आपूर्ति हुन ।

**चित्र नं. २** मा प्रस्तुत गरे अनुसार, क्षेत्रीय बजारहरुका खुद्रा मूल्यहरुले राष्ट्रिय औसतको भन्दा फरक प्रवृति देखाए । गत महिनाको तुलनामा, मोटा चामल र गहुँको पिठोको मूल्यहरु, मुख्य उपभोक्ता बजारहरुमा बाहेक, घट्दो प्रवृत्ति रहयो तथापी मुसुरोको दालको मूल्य भने मुख्य उपभोक्ता बजारहरुमा बाहेक उच्च प्रवृति रहयो । गत वर्ष सोही समयको तुलनामा प्रायजसो खाद्य बस्तुहरुको मूल्यहरुले अपवादस्वरुप पहाड र हिमाली बजारहरुमा बाहेक घट्दो प्रवृति देखाए ।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रद्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजार हरुको थोक मूल्यहरु तुलनात्मक रुपमा स्थिर रहयो । कालीमाटी फलफुल तथा तर कारी बजारमा गत एक महिनामा अनुगमन गरिएका तरकारीको थोक मूल्यहरुले उच्च मौसमी उतार चढाव देखाए **(तालिका १** मा हेर्नुहोस): आपूर्तिमा कमी आउनाले मासिक रुपमा बोडी, सिमी, गोलभेडा, मुला, काको, गाँजर र घिरौलाको मूल्यमा १२ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने परवल, पालुङ्गोको साग, रायो को सागको मूल्य ५ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७५ ज्येष्ठ महिनामा १२०.० भयो जुन मासिक रुपमा ०.४ प्रतिशतले वृद्धि हो । CPI वार्षिक स्फीतिदर ४.१ प्रतिशतले वृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI ११४.७ मा कायम रहयो, जुन मासिक रुपमा ०.३ प्रतिशतले न्यून र वार्षिक रुपमा ३.२ प्रतिशतको वृद्धि हो; अन्य केहि खाद्यबस्तुहरुको CPI ले वार्षिक रुपमा तुलानात्मक रुपले बढ्दो प्रवृति देखाए; तरकारीजन्य पदार्थहरु (१३.४%), फलफूलहरु (५.६%) र दुध तथा दुध जन्य पदार्थहरु (७.९ %) । गैह्र खाद्य बस्तु तथा सेवाहरु सम्बन्धि CPI १२४.३ भयो, जुन मासिक रुपमा ०.९ प्रतिशत र वार्षिक रुपमा ४.८ प्रतिशतको बृद्धि हो ।

## आपूर्ति

आन्तरिक उत्पादन र बिना अवरोध यातायात सेवा सन्चालनको परिणाम स्वरुप नियमित रुपमा आयात भइरहेकोले देशभर खाद्य बस्तुहरुको आपूर्तिमा सुधार आएको छ । तथापि, आगामि महिना देखि मनसुन द्वारा उत्पन्न बाढी र पहिरोको कारणले बिषेशगरि दुर्गम क्षेत्रहरुमा जहाँ कच्ची सडकको पहुँच भएका बजारहरुमा सडक अबरोध को कारणले खाद्य वस्तुहरुको आपूर्तिमा केही असर पर्न सक्ने संभावना देखिन्छ ।

## पूर्वानुमान

आउंदो महिना नियमित उपभोग गर्ने खाद्य बालीहरु रित्तहुने समयको सुरुवात संगै देशभर अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको मूल्य बढ्ने अनुमान गरिएको छ ।

मनसुनको आगमन समयमै भएतापनि हालसम्म बर्षा अलि कमजोर देखिएकोले नेपालको प्रमुख धान बालीको रोपाइ राम्रो संग हुन सकिरहेको छैन । यदि यो अवस्था लगातार एक महिनासम्म कायम रहेमा धान रोपाइको क्षेत्रफल घट्न सक्दछ, जसले गर्दा धानको कुल उत्पादनमा गिरावट आउन सक्दछ ।

**तालिका १: मासिक रुपमा मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| बोडी, सिमी, गोलभेडा, मुला, काको, गाँजर र घिरौला | विभिन्न | > १२ | कृषि उत्पादन रित्त हुने समय भएको हुनाले आपूर्तिमा कमि आएको । |
| परवल, पालुङ्गोको साग, रायो को साग | विभिन्न | > -५ | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**चित्र १: १२ महिनाको औसत मूल्य ***




**चित्र २: मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




Nepal Food Security Monitoring System (NeKSAP) website: http://www.neksap.org.np

† मूल्यहरु २०७५ असार महिनाको बजार मूल्यसँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- असार २०७५

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ५५.० | १०.० | – | – | ▲ | - | - |
| | गहुँको पिठो | ४६.० | २.२ | – | – | ▶ | - | - |
| | भटमासको तेल | १५०.० | ७.१ | – | – | ▲ | - | - |
| | कुखुराको मासु | ३४०.० | ०.० | – | – | ▶ | - | - |
| | मुसुरो | १०६.० | -११.७ | – | – | ▼ | - | - |
| | आलु | ४८.० | ६.७ | – | – | ▲ | - | - |
| पोखरा | मोटा चामल | ५२.० | ८.३ | -३.७ | -५.५ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४८.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | २३.८ | १३.० | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | ४२०.० | -२.३ | १६.७ | -४.५ | ▶ | ▲ | ▶ |
| | मुसुरो | ९५.० | -२६.९ | -१७.४ | -३२.१ | ▼ | ▼ | ▼ |
| | आलु | ४५.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| सुर्खेत | मोटा चामल | ४६.० | २.२ | २.२ | – | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४४.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | भटमासको तेल | १५०.० | ७.१ | ०.० | – | ▲ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | मुसुरो | ११५.० | ४.५ | -१७.९ | – | ▶ | ▼ | - |
| | आलु | ४०.० | ०.० | ६०.० | – | ▶ | ▲ | - |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ४२.० | -६.७ | १६.७ | – | ▼ | ▲ | - |
| | गहुँको पिठो | ४०.० | -४.८ | -११.१ | – | ▶ | ▼ | - |
| | भटमासको तेल | १३५.० | १४.४ | ८.० | – | ▲ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | ४.३ | १३.३ | – | ▶ | ▲ | - |
| | मुसुरो | ९५.० | ११.८ | -१३.६ | – | ▲ | ▼ | - |
| | आलु | ३५.० | ६.१ | ७५.० | – | ▲ | ▲ | - |
| जनकपुर | मोटा चामल | ४२.० | ०.० | -६.७ | – | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३००.० | ०.० | -६.३ | – | ▶ | ▶ | - |
| | मुसुरो | १००.० | ०.० | -२८.६ | – | ▶ | ▼ | - |
| | आलु | ३२.० | -८.६ | ६०.० | – | ▼ | ▲ | - |
| बिरगंज | मोटा चामल | ४५.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ५.० | -१६.० | -१२.५ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १४०.० | ३.७ | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | -६.३ | -११.८ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८३.० | -७.८ | -३०.८ | -४४.७ | ▼ | ▼ | ▼ |
| | आलु | ३५.० | ०.० | ७५.० | ४०.० | ▶ | ▲ | ▲ |
| धनगढी | मोटा चामल | ४०.० | -११.१ | -११.१ | ५.३ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | ०.० | -५.६ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ७.७ | ७.७ | ७.७ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | -६.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | आलु | ३०.० | ०.० | २०.० | २०.० | ▶ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | ४२.० | -१६.० | -२२.२ | ०.० | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | ०.० | २.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | -१.४ | -०.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ०.० | ६.७ | -१३.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -९.१ | -२३.१ | ▶ | ▶ | ▼ |
| | आलु | ३०.० | ०.० | ५०.० | ५०.० | ▶ | ▲ | ▲ |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ५०.० | ११.१ | -३.८ | – | ▲ | ▶ | - |
| | गहुँको पिठो | ४०.० | ५.३ | १७.६ | – | ▲ | ▲ | - |
| | भटमासको तेल | १३०.० | १०.२ | १८.२ | – | ▲ | ▲ | - |
| | कुखुराको मासु | ३४०.० | ०.० | ६.३ | – | ▶ | ▶ | - |
| | मुसुरो | ८०.० | ०.० | ६.७ | – | ▶ | ▶ | - |
| | आलु | ३४.० | -२.९ | ३६.० | – | ▶ | ▲ | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| मकवानपुर | मोटा चामल | ५२.० | ४.० | २०.९ | – | ▶ | ▲ | - |
| | गहुँको पिठो | ४४.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | भटमासको तेल | १४५.० | ३.६ | -१९.४ | – | ▶ | ▼ | - |
| | कुखुराको मासु | ३२०.० | ०.० | ३.२ | – | ▶ | ▶ | - |
| | मुसुरो | १०५.० | -४.५ | -५२.३ | – | ▶ | ▼ | - |
| | आलु | ३५.० | ९.४ | -२.८ | – | ▲ | ▶ | - |
| धनकुटा | मोटा चामल | ४५.० | ०.० | १२.५ | २५.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ८.३ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | -११.१ | -२०.० | ०.० | ▼ | ▼ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | -२३.१ | ▶ | ▶ | ▼ |
| | आलु | ३५.० | १६.७ | ४०.० | ४०.० | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ४०.० | -२५.९ | -२०.० | – | ▼ | ▼ | - |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | – | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | ७.७ | ७.७ | – | ▲ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | -२.९ | ०.० | – | ▶ | ▶ | - |
| | मुसुरो | १२०.० | ४.३ | ०.० | – | ▶ | ▶ | - |
| | आलु | ३५.० | ०.० | -१२.५ | – | ▶ | ▼ | - |
| सांफेबगर | मोटा चामल | ६८.० | ४.६ | ९४.३ | ७८.९ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ४३.० | २.४ | २.४ | २.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ६.७ | -५.९ | -५.९ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १५०.० | ७.१ | -६.३ | -१६.७ | ▲ | ▶ | ▼ |
| | आलु | ४५.० | ०.० | १२.५ | ५०.० | ▶ | ▲ | ▲ |
| जुम्ला | मोटा चामल | ५५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ५०.० | -९.१ | -१६.७ | -१६.७ | ▼ | ▼ | ▼ |
| | भटमासको तेल | १४०.० | ०.० | -२२.२ | -२२.२ | ▶ | ▼ | ▼ |
| | कुखुराको मासु | ४५०.० | ४.७ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १५०.० | ०.० | -१६.७ | -१६.७ | ▶ | ▼ | ▼ |
| | आलु | ७०.० | – | ८०.० | ७५.० | - | ▲ | ▲ |
| बाजुरा | मोटा चामल | ७०.० | २.९ | ९४.४ | ५५.६ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ४५.० | ७.१ | ०.० | २.३ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १७०.० | ६.३ | -५.६ | -५.६ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ४४०.० | ०.० | २.३ | २.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १७०.० | १३.३ | ०.० | १५.० | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| **सडक पहुँच नभएका हिमाली बजारहरु** | | | | | | | | |
| डोल्पा | मोटा चामल | १३५.० | ०.० | -१५.६ | -३.६ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | १००.० | ०.० | -२३.१ | -१६.७ | ▶ | ▼ | ▼ |
| | भटमासको तेल | १९०.० | २.७ | -२०.८ | -१३.६ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ५५०.० | १०.० | १०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | २५०.० | १३.६ | ८.७ | -१६.७ | ▲ | ▶ | ▼ |
| | आलु | ४०.० | १४.३ | -३३.३ | -५५.० | ▲ | ▼ | ▼ |
| हुम्ला | मोटा चामल | १६५.० | ०.० | ०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १५०.० | ०.० | -११.८ | -६.३ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | २६०.० | ०.० | -१३.३ | -१३.३ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ५००.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ३५०.० | ०.० | -७.९ | -७.९ | ▶ | ▶ | ▶ |
| | आलु | ६०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

* यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५% सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

Nepal Food Security Monitoring System (NeKSAP) website: http://www.neksap.org.np

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक अंशका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणालीद्धारा प्रकाशीत सम्पूर्ण सामग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.neksap.org.np मा हेर्न सकिनेछ। थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४४१ मा सम्पर्क राख्न सकिनेछ।